नेपाल सरकार

# मेलम्ची खानेपानी विकास समितिद्वारा जारी श्वेत-पत्र






## मेलम्ची खानेपानी आयोजनाको कार्यालय

पानीपोखरी काठमाडौं

पौष २०७६

# नेपाल सरकार
# मेलम्ची खानेपानी विकास समिति
# मेलम्ची खानेपानी आयोजना

## आयोजनाको परिचय

काठमाडौं उपत्यकामा दीर्घकालीन रूपमा खानेपानी आपूर्ति गर्नका लागि विश्व बैंकको सहयोगमा सन् १९७२ देखि नै अध्ययन सुरु गरिएको थियो । यसै सन्दर्भमा सन् १९८४ मा परामर्शदाता कम्पनी Binni & Partners बाट उपत्यकामा खानेपानी आपूर्ति गर्न सम्भाव्य विभिन्न २२ वटा विकल्पहरू अध्ययन गरिएको थियो । सन् १९९२ मा परामर्शदाता कम्पनी SMEC द्वारा गरिएको प्राविधिक र आर्थिक सम्भाव्यता अध्ययनका आधारमा उक्त २२ विकल्पहरूमध्ये मेलम्ची, याङ्ग्री र लार्केबाट दैनिक ५१ करोड लिटर खानेपानी आपूर्ति हुनसक्ने विकल्प सबैभन्दा उत्तम विकल्पका रूपमा पहिचान गरिएको थियो । उक्त आयोजना निजी पूँजी परिचालन गरी सञ्चालन गर्ने उद्देश्य सहित वि. सं. २०५३ सालमा मेलम्ची खानेपानी लिमिटेडको स्थापना गरियो । मेलम्ची खानेपानी आयोजनाको लागत धेरै भएको र यसका लागि एडिबि, जाईका, ओपेक, नर्वे, स्वीडेन लगायतका अन्य दातृ निकायहरूबाट सहयोग प्राप्तहुन सक्ने देखिएको हुँदा वि. सं. २०५५ सालमा विकास समिति ऐन, २०१३ बमोजिम मेलम्ची खानेपानी विकास समितिको गठन भएपश्चात एडिबिको ईन्जिनियरिङ ऋण सहायता र नर्वे सरकारको अनुदान सहयोगमा आयोजनाको विस्तृत सम्भाव्यता र डिजाईन कार्यहरू सुरु गरियो । आयोजनाको कार्यान्वयनमा देखिएका चुनौती र समस्याहरू तथा समाधानका लागि विभिन्न सरोकारवाला निकायहरूबाट गरिएका प्रयासहरू विभिन्न समयमा भएका उपलब्धी सहित हाल आयोजनाको प्रथम चरणमा मेलम्ची नदीको पानी डाईभर्सन

गरी दैनिक १७ करोड लिटर पानी आपूर्ति गर्ने कार्य यही आर्थिक वर्षभित्र सम्पन्न हुने गरी पहल गरिएको छ ।

**आयोजनाका सुरुमा प्रस्तावित अवयवहरू**

मेलम्ची खानेपानी आयोजनाको सुरु डिजाईन अनुसार प्रवेश मार्गहरू सुरुङ तथा हेडवर्क्स सहितको मेलम्ची डाईभर्जन स्किम, सुन्दरीजलमा पानी प्रशोधन केन्द्र, काठमाडौं उपत्यका भित्र थोक वितरण प्रणाली, वितरण सञ्जाल सुधार र फोहर पानी प्रणाली सुधार लगायत मेलम्ची उपत्यकामा सामाजिक उत्थान कार्यक्रम, वातावरण व्यवस्थापन, पुनर्वास जस्ता कार्यक्रमहरू समावेश गरिएका थिए । आयोजनाको सुरुको लागत ४६४ मिलियन अमेरिकन डलर रहेकोमा उक्त लागतमा काठमाडौंको मनोहरा खानेपानी प्रणालीको खर्चसमेत समावेस गरिएको थियो । सन् २००५ मा आयोजनाबाट नर्वेजियन र स्वीडिस सहयोग फिर्ता गएपछि आयोजनालाई सन् २००८ मा पुनर्संरचना गरी सञ्चालन गरिएको छ ।

**आयोजनाको पुनर्संरचना**

मेलम्ची खानेपानी आयोजना अन्तरगत काठमाडौं उपत्यकामा खानेपानी व्यवस्थापन सुधारका लागि थप खानेपानीको आपूर्ति, पुरानो खानेपानी प्रणालीको बृहत्तर पुनर्स्थापन र विस्तारका अतिरिक्त वितरण क्षमतामा व्यवसायिक दक्षता अभिवृद्धिका लागि संस्थागत सुधारका कार्यहरू समावेस गरिएका थिए । तर नर्वे र स्विडिस सहयोगको वहिर्गमनका कारण आयोजना सञ्चालनका लागि पर्याप्त आर्थिक स्रोत उपलब्ध हुन नसकेको र सुरुङ निर्माणको पूर्वसर्तको रूपमा रहेको व्यवस्थापन करार अन्तरगत निजी व्यवस्थापकको नियुक्ति गर्ने कार्य समेत अन्तिम अवस्थामा सम्पादन हुन नसकेका कारणले आयोजनाको पुनर्संरचना गर्नुपर्ने भई आयोजना अन्तरगतका प्रमुख अवयवहरूको निर्माण सोचे

अनुरूपको समयमा सुरु हुन सकेन । त्यस्तै साविकको नेपाल खानेपानी संस्थानको सट्टा कम्पनी ऐन अन्तरगत सार्वजनिक निजी साझेदारी सहितको केयुकेएलको स्थापना, महसुल निर्धारण आयोग र काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड सम्बन्धी ऐन तर्जुमा र उक्त निकायहरूको गठन जस्ता कार्यहरू सम्पन्न गर्न पनि समय लाग्न गएकोले सुरुङ निर्माणको कार्यमा थप ढिलाई हुन पुग्यो ।

आन्तरिक द्वन्द्व, लगानीका स्रोतको कमी तथा एसियाली विकास बैंकसँग ऋण सम्झौतामा गरिएका प्रतिवद्धताहरू पुरा गरेर मात्र आयोजनाको वास्तविक निर्माण कार्य सुरु गर्न सकिने अवस्थाका कारण यस आयोजनाको मुख्य निर्माण कार्य सुरु नहुँदै ऋण सम्झौताको अवधि २००७ डिसेम्बरमा समाप्त भयो । यस अवस्थामा सन् २००८ को सुरुमा नेपाल सरकार तथा एसियाली विकास बैंकबीच आयोजनालाई पुर्नसंरचना गरी सञ्चालन गर्न सहमति भयो । यस बमोजिम आयोजनालाई दुई भागमा बाँडी सन् २०१३ भित्र सम्पन्न गर्ने लक्ष्य सहित आयोजनाको निर्माण कार्य सुचारु गरियो । पुनर्संरचना पश्चात् आयोजना सञ्चालन कार्यलाई निम्न दुई भागमा बाँडी सञ्चालन गर्न थालियो ।

१) मेलम्ची खानेपानी आयोजना (उप-आयोजना-१) अन्तरगत मेलम्ची नदी पथान्तरण (हेडवर्क्स, सुरुङ, पानी प्रशोधन केन्द्र र सामाजिक उत्थान कार्यक्रम) को कार्य मेलम्ची खानेपानी विकास समितिबाट कार्यान्वयन गरिने ।
२) काठमाडौं उपत्यका खानेपानी तथा सरसफाई आयोजना (उप-आयोजना- २) थोक तथा वितरण प्रणाली, फोहर पानी व्यवस्थापन तथा सेवा प्रदायकको क्षमता अभिवृद्धि कार्यक्रम जस्ता काठमाडौं

उपत्यका भित्रका सबै कामहरू केयुकेएल अन्तरगत स्थापना भएको आयोजना कार्यान्वयन निर्देशनालय (PID) बाट गरिने ।

**मेलम्ची खानेपानी आयोजनाको वर्तमान अवस्था**

सन् २००८ मा पुनर्संरचना गरिएपछि उप आयोजना–१ को कार्य क्षेत्र भित्र परेका कार्यक्रमहरूको सञ्चालनको वर्तमान अवस्था निम्न बमोजिम रहेको छ ।

## क. पूर्वाधार विकास सम्वन्धी कार्यक्रम

१) मेलम्ची खानेपानी आयोजना निर्माणका लागि आवश्यक अन्य सहायक पूर्वाधार विकास कार्यक्रम अन्तरगत सिन्धुपाल्चोक र काठमाडौं जिल्लामा मुख्य प्रवेश मार्ग तथा चार अडिट प्रवेशमार्ग गरी करिव ४२ किलोमिटर नयाँ सडकहरूको निर्माण सम्पन्न भएको छ ।

२) मेलम्ची खानेपानी आयोजनाबाट २७ किलोमिटर सडक (लामिडाँडा-मेलम्ची पुलबजार २२ किलोमिटर तथा गोकर्ण-सुन्दरीजल ५ किलोमिटर) स्तरोन्नति गरिएको छ । यी मार्गहरूको निर्माण नेपाल सरकार र ओपेक कोषको ऋण लगानीमा सम्पन्न गरिएको छ ।

३) मेलम्ची खानेपानी आयोजना निर्माणका लागि मेलम्ची पुलबजार, अम्बाथान, ग्याल्थुम तथा सुन्दरीजल लगायतका सबै साइटहरूमा साइट कार्यालय तथा कर्मचारी आवास निर्माण सम्पन्न भई हाल नियमित रूपमा सञ्चालनमा रहेका छन् ।

## ख. सामाजिक उत्थान कार्यक्रम

आयोजना निर्माणका क्रममा मेलम्ची उपत्यकावासीहरूको सामाजिक तथा आर्थिक उन्नतिका लागि सामाजिक उत्थान कार्यक्रम (साउका) सञ्चालन गरिदै आएको छ । सिन्धुपाल्चोक तथा काभ्रेपालान्चोक

जिल्लाका आयोजना प्रभावित क्षेत्रका साविकका ३५ गाँउ विकास समितिहरूमा साउका अन्तरगत पूर्वाधार विकास, शिक्षा, स्वास्थ्य, आयआर्जन तथा सामुदायिक विकास सम्वन्धी कार्यक्रमहरू सञ्चालन गरिएका छन् । उक्त कार्यक्रमहरू नेपाल सरकारको संस्था दर्ता ऐन, २०३४ बमोजिम जिल्ला प्रशासन कार्यालय सिन्धुपाल्चोक, चौतारामा मिति २०६६ फागुन १२ गते दर्ता भएको ह्योल्मो सिन्धु-मेलम्ची उपत्यका सामाजिक उत्थान कार्यक्रम सञ्चालन समिति (ह्योसिमेस) तथा अन्य चारवटा समितिहरू मार्फत स्थानीय माग र सहभागिताका आधारमा सञ्चालन गरिदै आएको छ । गत आर्थिक वर्षको अन्तसम्ममा साउका अन्तरगत सञ्चालित विकास निर्माण तथा अन्य कार्यक्रममा करिव रू. ९४ करोड ९८ लाख खर्च भएको छ ।

## ग. वातावरणीय व्यवस्थापन कार्यक्रम

मेलम्ची खानेपानी आयोजना निर्माणको क्रममा स्थानीय वातावरणमा पर्नसक्ने प्रभावहरूलाई न्यूनीकरण गरी आयोजनालाई वातावरण मैत्री बनाउने उदेश्यबाट आयोजना प्रभाव क्षेत्रमा वातावरण संरक्षण सम्बन्धी कार्य सञ्चालन गर्ने व्यवस्था गरिएको छ । यस कार्यक्रमको सञ्चालन पश्चात वातावरण संरक्षणका लागि वातावरण संरक्षण ऐन, २०६३ र नियमावली, २०६४ ले गरेको व्यवस्था अनुसार स्थानीय वातावरणमा पर्न सक्ने नकारात्मक प्रभावको मूल्याङ्कन र सोको नतीजा अनुसार नकारात्मक प्रभाव न्यूनीकरण एवं निराकरणका लागि आवश्यक कार्यक्रम तयगरी सञ्चालन गरिएका छन् । विशेषज्ञ टोलीको परामर्शमा स्थानीय जनताको सहभागितामा यी कार्यक्रमहरू सञ्चालनमा रहेका छन् । गत आर्थिक वर्षसम्ममा वातावरण संरक्षण कार्यक्रम अन्तरगत रू. १९ करोड ४० लाख खर्च भइसकेको छ ।

## घ. पुनर्वास कार्ययोजना

मेलम्ची खानेपानी आयोजना सञ्चालनको कारणबाट त्यस क्षेत्रका कुनै पनि व्यक्ति वा परिवारको विस्थापन हुने वा कसैलाई पनि हानि-नोक्सानी हुने अवस्था आउन दिइने छैन । आयोजनाका लागि आवश्यक पर्ने घर, घडेरी, खेती योग्य जमीन, सार्वजनिक तथा निजी सम्पत्ति प्राप्ति गर्ने क्रममा आयोजनाबाट प्रभावित जनतालाई उचित क्षतिपूर्ति तथा मुआब्जा वितरण गर्न "मेलम्ची खानेपानी आयोजना पुनर्वास नीति, २०५७" तर्जुमा गरी पुनर्वास कार्यक्रम सञ्चालन गरिएको छ । यस कार्यक्रम अन्तरगत आयोजनाको लागि हालसम्म करिव १८०० रोपनी जग्गा प्राप्ति गरिएको छ । गत आर्थिक वर्षको अन्तसम्ममा जग्गा प्राप्ति, मुआब्जा तथा क्षतिपूर्ति वितरणमा रू. १ अर्ब १२ करोड १२ लाख खर्च भईसकेको छ ।

## ङ. सूचना तथा जनसम्पर्क कार्यक्रम

मेलम्ची खानेपानी आयोजना बारे तथ्यगत सूचनाहरू नियमित सम्प्रेषण गरी प्रभावित क्षेत्रका जनताबीच सुमधुर सम्बन्ध कायम गर्न आयोजनाबाट सरोकारवाला समूह, नागरिक समाज, गैह्र सरकारी संघ संस्थासँग नियमित भेटघाट, छलफल अन्तरक्रिया, सभा, सम्मेलन जस्ता कार्यक्रमहरू सञ्चालन गरिदै आएको छ । मेलम्ची खानेपानी आयोजनाका गतिविधि सम्बन्धी सूचना आयोजनाको वेभसाईट www.melamchiwater.gov.np मा उपलब्ध छन् ।

## च. पानी प्रशोधन केन्द्र

### पानी प्रशोधन केन्द्र निर्माण भाग -१ (JICA Fund)

काठमाडौं उपत्यकामा दैनिक ५१ करोड लिटर प्रशोधित खानेपानी उपलब्ध गराउनका लागि सुन्दरीजलमा परम्परागत शैलीको पानी प्रशोधन केन्द्रको निर्माण तीन चरणमा गर्ने लक्ष्य रहेको छ । प्रथम चरणमा १७ करोड लिटर क्षमताको केन्द्रको डिजाईन तथा सुपरीवेक्षण

सहितको निर्माण जाईका स्रोतबाट व्यहोर्ने गरी ऋण सम्झौता भएको थियो । पानी प्रशोधन केन्द्रको परामर्श सेवा अन्तरगत विस्तृत डिजाईन, लगत इष्टमेट तयारी, खरीद दस्तावेजहरूको तयारी र दैनिक अनुगमन तथा सुपरीवेक्षण कार्यका लागि परामर्शदाता कम्पनी NJSConsultants Co. Ltd in Association with Binnie Black & Veatch, Mott, MacDonald Ltd र स्थानीय परामर्शदाता Nepal Consult छनौट गरिएपछि २७ फेब्रुअरी, २००२ मा सम्झौता भए अनुसार कार्य सम्पादन भइरहेको छ । मेलम्ची खानेपानी आयोजनाको पुनर्संरचना गरी दातृ निकाय जाईकाबाट सुन्दरीजल पानी प्रशोधन केन्द्रको दैनिक क्षमता ८.५ लिटर सञ्चालन हुने गरी निर्माण कार्य गर्न सहमति प्राप्त भएकोले पानी प्रशोधन केन्द्रको दैनिक क्षमता ८.५ करोड लिटर हुनेगरी परामर्शदाताबाट रिडिजाईन गरी निर्माणको खरीद प्रक्रिया सन् २०१२ मा सुरु गरिएको थियो । अन्तर्राष्ट्रियस्तरको प्रतिस्पर्धात्मक बोलपत्र आह्वान हुँदा M/S VA TECH WABAG Limited–Pratibha Industries Limited, India को बोलपत्र सारभूतरूपमा प्रभावग्राही न्यूनतम मूल्याङ्कन गरी १० जुलाई, २०१३ (२०७०/०३/२६) मा ठेक्का सम्झौता गरिएको थियो । निर्माण कार्यको अवधि ८१० दिनको र कूल सम्झौता रकम रू. ४ अर्ब २० करोड (भ्याटबाहेक) रहेको थियो ।

वि. सं. २०७२ बैसाख १२ गतेको भूकम्प तथा भारतीय नाकाबन्दी जस्ता परिस्थिति सृजना हुन गई निर्माण कार्य प्रभावित हुन गएको भएपनि, पानी प्रशोधन केन्द्रको निर्माण कार्य ३१ डिसेम्बर, २०१७ मा सम्पन्न गरीि सकिएको छ । मेलम्ची नदीबाट पानी पथान्तरण भइनसकेको अवस्थामा वैकल्पिक पाईपलाईन निर्माण गरी बागमती नदीमा उपलब्ध वर्षायामको दैनिक औसत ४ करोड लिटर पानी प्रशोधन गरी काठमाडौं उपत्यकामा वितरण गर्न समेत थाली सकिएको

छ । यस कार्यबाट आयोजना कार्यान्वयन निर्देशनालय (PID) मार्फत निर्माण भएका वितरण प्रणालीको Commissioning Testing समेत गरिएको छ । निर्माण सम्पन्न गरिएको पानी प्रशोधन केन्द्रको निर्माण व्यवसायीबाट Partial Takeover गरिएको छ र नियमित रेखदेख (Dry Maintenance) समेत निर्माण व्यवसायीबाटै गर्ने गरिएको छ । गत आर्थिक वर्षसम्ममा यस केन्द्रको निर्माणका लागि रू. ३ अर्ब ७३ करोड खर्च भएको छ ।

**पानी प्रशोधन केन्द्र निर्माण भाग -२**

सन् २०१५ मा दातृ निकाय एडिबिबाट पानी प्रशोधन केन्द्रको क्षमता ८.५ करोड लिटरबाट बिस्तार गरी १७ करोड लिटर गर्न ऋण सहयोग (Loan 3255) प्राप्त भयो । पानी प्रशोधन केन्द्रको क्षमता बिस्तार गर्ने यस कार्यको सुरुको डिजाइन परामर्शदाता NJS Consultant बाट गरिएको भएपनि एडिबिको ऋण सहयोग अन्तरगत प्रशोधन केन्द्रको क्षमता विस्तार कार्यको डिजाईन पुनरावलोकन तथा सुपरीवेक्षण कार्यका लागि सन् २०१६ मा परामर्शदाता कम्पनी छनौट गरियो । Eptisa Servicios De Ingenieri SL Spain र स्थानीय परामर्शदाता TSC, SILT, TAEC, TMS and Geo Com बाट हाल यसको नियमित सुपरीवेक्षण गर्ने कार्य भइरहेको छ । पानी प्रशोधन केन्द्र भाग -२ को निर्माणको खरीद प्रकृया ६ डिसेम्बर, २०१५ (२०७२/०८/२०) मा सुरु गरिएको थियो । ७ नोवेम्बर, २०१६ (२०७३।०९।२२) मा निर्माण व्यवसायी M/S TCPL – Pratibha Industries Limited सँग रु. १ अर्ब ३७ करोड (भ्याट वाहेक) बराबरको ठेक्का सम्झौता गरिएको छ र सम्झौता अनुसार जुलाई २०१८ (जम्मा ५४० दिन) मा कार्य सम्पन्न गर्ने अवधि तोकिएको छ। आवश्यक तयारी कार्यहरूमा बढी समय व्यतित भएको र

सुन्दरीजल पानी प्रशोधन केन्द्रको साईटमा दुई निर्माण व्यवसायी कम्पनीबीचको साईट सेयरिङ्ग सम्बन्धी समन्वय समस्याका कारण पानी प्रशोधन केन्द्र भाग दुईको कार्य प्रभावित हुन पुगेको छ । यस केन्द्रको विभिन्न ईकाईहरूमा गरिनु पर्ने कंक्रिटको काम सम्पन्न गरिएको छ । गत आर्थिक वर्षसम्ममा करिव रू. १ अर्व, ७ करोड बराबर भुक्तानी गरिएको छ । यस वर्ष विभिन्न ईकाईहरूमा पाईप फिटिङ्ग तथा ईलेक्ट्रोमेकानिकल जडानको काम सम्पन्न गरिएको छ। पानी प्रशोधन केन्द्र भाग-२ को परीक्षण गर्ने कार्य समेत सुरु भएको छ।

**छ. सुरुङ निर्माण**

मेलम्ची खानेपानी आयोजनाको रिबर्मादेखि सुन्दरीजलसम्मको २६ किलोमिटर पानी पथान्तरण सुरुङको प्रारम्भिक डिजाईन कार्य नर्वेजियन सहयोग अन्तरगत Norplan AS बाट भएको हो । ड्रिल एन्ड ब्लास्ट प्रकृयाबाट सुरुङ खन्ने तथा प्रारम्भिक र अन्तिम सपोर्ट गरिंदै जाने गरी डिजाईन गरिएको यस सुरुङको आकार अंग्रेजी अक्षर D जस्तो छ । सेक्सनल एरिया १२.५० बर्ग मिटरको छ । २६ किलोमिटर सुरुङको निर्माणका लागि थप तीनवटा सहायक सुरुङ निर्माण गरी आठ स्थानबाट सुरुङ निर्माणको कार्य हुनसक्ने व्यवस्था मिलाईको छ । आयोजनाका लागि आवश्यक सहायक भौतिक पूर्वाधारहरूको निर्माण सम्पन्न गरी सन् २००८ मा पुनर्संरचना गरिएपछि मात्र हेडवर्क्स तथा सुरुङ निर्माणको खरीद प्रकृया सुरु भएको थियो ।

हेडवर्क्स तथा सुरुङ निर्माण कार्यको डिजाईन पुनरावलोकन र खरीद दस्तावेज तयारी समेत गरी दैनिक सुपरीवेक्षण गर्ने कार्यका लागि सुरुमा नर्डिक डिभलपमेण्ट फण्ड (NDF) को ऋण सहयोगमा

Consortium of Poyry Infra AG, Poyry Environment Oy, Poyry Infra Oy, Hifab International Ltd. in association with MULTI Disciplinary Consultants (P) Ltd. नियुक्त गरिएको थियो । उक्त परामर्शदाताको सम्झौता अवधि सन् २०१५ मा समाप्त भएको हुँदा बाँकी कार्य सम्पन्न गर्नका लागि १८ मे, २०१५ मा Eptisa Servicios De Ingenieria SL Spain BETS Consulting Services Ltd Bangladesh (JV) तथा TSC, SILT TAEC, BEAM Consutant सँग नयाँ सम्झौता भए अनुसार सुरुङ निर्माणको डिजाइन र सुपरीवेक्षण कार्य हुँदै आइरहेकोमा हाल नयाँ ठेक्काको खरीद प्रकृया तथा सुपरीवेक्षण कार्य समेत यसै परामर्शदाताबाट गरिने भएको छ ।

हेडवर्क्स तथा सुरुङ निर्माणका लागि चिनिया निर्माण व्यवसायी M/S China Railway 15 Bureau Group Corporation and China Machinery Industry Group Corporation Inc JV सँग १९ फरवरी, २००९ मा सम्झौता गरिएको थियो । जम्मा १५९० दिनमा निर्माण कार्य गर्ने अवधि अनुसार निर्माण कार्य सम्पन्न गर्ने मिति २ सेप्टेम्बर, २०१३ सम्म रहेको थियो । निर्माण व्यवसायीबाट आफैले तयार गरेको कार्ययोजना तथा कबोल गरे अनुसारका आवश्यक मानव संसाधन, उपकरण तथा निर्माण समाग्री व्यवस्थापनमा कमी-कमजोरी लगायत सम्झौताका शर्तहरू पालना गर्न नसकेको हुँदा २५ सेप्टेम्बर, २०१२ मा ठेक्का सम्झौता तोडिएको थियो ।

यस अवधिमा निर्माण व्यवसायीबाट करिव ६४१७ मिटर सुरुङ खन्ने तथा प्रारम्भिक सपोर्टको कार्य मात्र गरे अनुसार रू. ५१ करोड ६९ लाख भुक्तानी भएको थियो । ठेक्का रद्द गरिएपछि नियमानुसार निर्माण व्यवसायीबाट दाखिला गरिएको बैंक ग्यारेन्टी वापतको रकम Performance Security USD 6,655,000 तथा Advance Bank

Guarantee EURO 1,411,543 & USD 6,625,000 जफत गरिएको थियो । बाँकी रहेको सुरुङ तथा हेडवर्क्स निर्माणका लागि तत्काल अन्तर्राष्ट्रियस्तरको प्रतिस्पर्धात्मक बोलपत्र आह्वान गरिएकोमा सवैभन्दा कम रकम कबोल गरी सारभूत रूपमा प्रभावग्राही देखिएको निर्माण व्यवसायी Co-operativa Muratori Cementesti – CMC di Ravenna, Italy लाई छनौट गरियो । उक्त निर्माण व्यवसायीसँग १५ जुलाई, २०१३ (२०७०/०३/३१) मा १०९५ दिन भित्रमा निर्माण कार्य सम्पन्न गर्ने गरी कूल रकम रू. ७ अर्व ७२ करोड (भ्याटबाहेक) बराबरको सम्झौता भएको थियो । निर्माण व्यवसायी CMC di Ravenna ले ठेक्का सम्झौताको प्रारम्भमा नै विभिन्न किसिमका विवादहरू सृजना गरेको थियो । तयारी कार्यहरूमा बढी समय व्यतित गरेकाले लक्ष्य अनुसारको प्रगति हाँसिल गर्न सकेको थिएन । त्यसैगरी वि. सं. २०७२ बैशाख १२ गतेको भूकम्प, बाढी पहिरोको कारण प्रवेशमार्ग अवरुद्ध हुनु तथा भारतीय नाकाबन्दी जस्ता परिस्थितिजन्य कारणहरूले निर्माण कार्य प्रभावित हुन गएको थियो । यसकारण आयोजनाको ठेक्का सम्झौताको म्याद मार्च २०१८ सम्मका लागि थप गरिएको थियो ।

यस अवधिमा निर्माण व्यवसायीको नगद प्रवाह (Cash flow) को समस्याका कारण पटक-पटक निर्माण कार्य अवरुद्द हुन गएकोमा समिति, दातृ निकाय तथा खानेपानी मन्त्रालयबाट आवश्यक सहजीकरण गरिएको परिणामस्वरूप निर्माण व्यवसायीबाट अप्रिल २०१८ मा सुरुङ खन्ने कार्य सम्पन्न भएको थियो । यसरी सुरुङ खन्ने कार्य सम्पन्न भएपछि पनि निर्माण व्यवसायीको Cash flow मा समस्या पुनः देखिएकोले हेडवर्क्स तथा सुरुङको फाईनल फिनिसिङ गर्ने कार्य अवरुद्द भयो ।

मेलम्ची खानेपानी आयोजना सञ्चालनमा पटक-पटक सृजित असहज परिस्थितिहरूले गर्दा निर्माण कार्यमा भइरहेको ढिलाईले बाँकी कार्यहरू शीघ्र सम्पन्न गराउन ईटलीस्थित निर्माण व्यवसायीको व्यवस्थापनलाई जिम्मेवार हुन गरिएको पहल अनुसार निर्माण व्यवसायीको व्यवस्थापन पक्षले मेलम्ची खानेपानी आयोजना निर्माणका लागि नियुक्त गरेको आफ्नो Project Manager सहितको पुरानो टोलीलाई हटाई Project Manager तथा सम्पूर्ण Management Team मा नयाँ सदस्यहरू पठाएको थियो । उक्त टोलीबाट आवश्यक नगद प्रवाह (Cash flow) को समेत व्यवस्थापन गरी सुरुङ फिनिसिङ गर्ने तथा हेडवर्क्स निर्माण कार्यमा उल्लेख्य सुधार भएको थियो ।

निर्माण व्यवसायीले भूकम्पका कारण हेडवर्क्स क्षेत्रमा गर्नुपर्ने Opencut तथा Rock Support and Slope Stabilisation को परिमाण बढ्न गएको जस्ता कारणहरू देखाई हेडवर्क्स निर्माणका लागि करिव रू. १ अर्व ६४ करोड ४९ लाख अतिरिक्त रकम तथा ४२४ कार्यदिन बराबरको म्याद थपका लागि अनुरोध गरेको थियो । यस सम्बन्धमा परामर्शदाताबाट अध्ययन र निष्कर्ष (Determination) गरिएकोमा वृद्धि हुन गएको Opencut परिमाणका लागि रू. २८ करोड र ठेक्का अनुसारको बाँकी कार्यहरू सम्पन्न गर्न ३० अगस्ट, २०१८ सम्मको म्याद थप हुन सिफारिस भएको हुँदा मेलम्ची खानेपानी विकास समितिबाट ईन्जिनियरको सिफारिस अनुसारको भुक्तानी सहित म्याद थप गरिको थियो । तर निर्माण व्यबसायीबाट परामर्शदाता ईन्जिनियरको Determination मा चित्त नबुझी Dispute Board मा पुनरावलोकनका लागि निवेदन गरेकोमा Dispute Board को Referral 8 को प्रारम्भिक निर्णय अनुसार ठेक्का सम्झौताको म्याद २१२ दिन थप गरी १० फेब्रुअरी, २०१९ सम्मका लागि सिफारिश भएको थियो । Referral 8 को अक्टोबर २०१८ को अन्तिम

निर्णयबाट निर्माण व्यवसायीलाई थप रू. ३६ करोड २७ लाख भुक्तानी गर्न सिफारिश प्राप्त भयो । मेलम्ची खानेपानी विकास समितिबाट भुक्तानीको प्रकृया सुरु गरिएको थियो ।

## हेडवर्क्स तथा सुरुङ निर्माणको ठेक्का सम्झौता पुनः रद्द गर्नुपरेको

सुरुङको सम्पन्न (Breakthrough) पछि द्रूत गतिमा सुरुङको फाइनल फिनिसिङ गर्ने काम भएको, २५.३ किलोमिटर सुरुङको फाइनल फिनिसिङको कार्य सम्पन्न गरिसकिएको, भेन्टिलेसन साफ्टको ड्रिल भइरहेको, गेटहरू जडान भइरहेको, वैकल्पिक पाईपलाईन जडान सहित हेडवर्कसमा विभिन्न संरचना निर्माणका लागि कंक्रिटको काम हुँदै गरेको अवस्थामा निर्माण व्यवसायी CMC ले Referral 8 को भुक्तानी तत्काल गराउन ३० नोवेम्बर २०१८ मा Notice of Contract Termination पेश गरेको थियो । यस अवधिमा निर्माण कार्य पुनः प्रभावित भएको र परामर्शदाता वा समितिलाई जानकारी समेत नगराई १५ डिसेम्बर, २०१८ मा निर्माण व्यवसायी कार्यस्थल छाडी गएकाले निर्माण कार्य स्थगित हुन गएको थियो ।

निर्माण व्यवसायीबाट ठेक्का प्रावधान विपरित कार्य भएकाले ईन्जिनियरबाट ठेक्का रद्द गर्न सिफारिश गरिएको थियो । मेलम्ची खानेपानी आयोजना तथा खानेपानी मन्त्रालयका तर्फबाट निर्माण व्यवसायीलाई पुनः काममा फर्काउन अनेक प्रयासहरू गरिएको भएपनि निर्माण व्यवसायीले ठेक्का सम्झौता बाहिरका विभिन्न २१ वटा शर्तहरू राखी निर्माण कार्य सम्पन्न गर्नेतर्फ तदरुकता नदेखाएकाले वाध्यभई ७ फेब्रुअरी, २०१९ मा ठेक्का सम्झौता रद्द गर्नुपरेको थियो।

निर्माण व्यवसायीबाट ठेक्का सम्झौता अनुसार सुरुङ निर्माण तर्फको कार्य लगभग सम्पन्न गरे पनि मेलम्ची नदीमा बनाउनुपर्ने डाईभर्सन

वेयर, ईन्टेक प्रथम खण्ड ईत्यादि निर्माणको काम र डिसिल्टिङ्ग बेसिन, ईलेक्ट्रोमेकानिकल, ईन्स्ट्रुमेन्टेसन जडानको काम सुरु गर्न नसकेको अवस्थामा ठेक्का रद्द हुन पुगेको थियो । यस अवस्थासम्ममा निर्माण व्यवसायीलाई उसले खुद गरेको काम, मोबिलाईजेसन पेश्की, मूल्य समायोजन तथा उसले गरेका विभिन्न दावी वापतको क्षतिपूर्ति रकम समेत गरी करिव रू. ८ अर्ब ४६ करोड भुक्तानी भएको छ । निर्माण व्यवसायीको कार्य सम्पादन जमानत तथा अन्य जमानतको बैंक ग्यारेन्टीको रू. २ अर्ब ९ करोड ठेक्का सम्झौताको प्रावधान बमोजिम जफत गरिएको छ ।

दोस्रोपटक सुरुङको ठेक्का रद्द गर्नुपर्ने अवस्था सृजना भएकामा मेलम्ची खानेपानी विकास समिति र दातृ निकाय एडिबि समेत दुवै पक्ष दुःखी हुने वातावरणको सृजना भएतापनि आपसी विश्वास र आत्मवल यथावत रहेको अवस्थामा इटलीमा अदालती प्रकृयामा रहेको निर्माण व्यवसायीबाट निर्माण सम्पन्न हुन नसक्ने स्पष्ट भएकाले नयाँ खरीद प्रकृयाको माध्यमबाटै बाँकी कामहरू सम्पन्न हुनसक्ने ठहर गरियो । अत्यन्त संवेदनशील यस अवस्थामा आयोजना सञ्चालनमा थप ढिलाई हुन नदिन परामर्शदाता Eptisa र मेलम्ची खानेपानी विकास समितिबाट एडिबिको सहमतिमा नयाँ खरीद प्रकृया सुरु गरिएको थियो ।

## आयोजनामा तत्काल देखिएका समस्याहरू तथा समाधानका लागि गरिएका प्रयासहरू

सम्पन्न हुने चरणमा प्रवेश गरेको मेलम्ची खानेपानी अयोजनाको हेडवर्क्स तथा सुरुङ निर्माण कार्य निर्माण व्यवसायीले अप्रत्यासित रूपमा छाडिगएको र छाडिजाने क्रममा आफ्नो कामसँग सम्वन्धित नेपाली श्रमिक, कर्मचारी, आपूर्तिकर्ता तथा सव-कन्ट्र्याक्टरहरूलाई दिनुपर्ने भुक्तानी समेत नदिई गएको कारण निर्माण क्षेत्रमा सृजित

तनावको वातावरणलाई व्यवस्थापन गर्न थप सुरक्षा व्यवस्थापन तथा अन्य चुनौतिहरूलाई सम्बोधन गर्नका लागि थप सुरक्षावल परिचालन गर्न सम्बन्धित निकायलाई अनुरोध गरिएको छ । स्थानीय व्यक्ति तथा फर्महरूबाट निर्माण व्यवसायीलाई Rent र Lease मा उपलब्ध गराइएका Equipment र Machinery हरूको व्यवस्थापनमा समस्या देखिएको छ । यसको समाधानका लागि परामर्शदाताको सहयोगमा समिति गठन गरी सम्भव भएसम्मका उपकरणहरू फिर्ता गरिएको छ। साथै निर्माण व्यवसायीबाट गरिदै आएका क्याम्प सञ्चालन, Vehicle व्यवस्थापन र मर्मत सम्भार लगायतका कार्यहरू परामर्शदाताबाट सञ्चालन गरिने व्यवस्था मिलाइएको छ ।

यसका साथै मेलम्ची खानेपानी विकास समिति तथा परामर्शदाताबाट सुरुङको स्थलगत निरीक्षण गरी निर्माणाधीन संरचनाहरूको अवस्था, साइटमा उपलब्ध निर्माण सामग्रीहरूको विवरण, उपकरणहरूको लेखाजोखा तयार गरिएको छ । बाँकी रहेका कामहरू नयाँ ठेक्का सम्झौताबाट गर्न आवश्यक सम्पूर्ण दस्तावेज (Design Specification, Rate Analysis) तयार गरिएको छ । एडिबिको विज्ञसहितको टोली, परामर्शदाता तथा समितिका तर्फबाट सुरुङको स्थलगत निरीक्षण गरी प्रतिवेदन तयार गरिएको छ ।

एडिबिसँगको सहमति र सहकार्यमा बाँकी रहेका कार्यहरू शीघ्र सम्पन्न गराउन सोको परिमाण तथा प्रकृतिका आधारमा दशवटा प्याकेजहरू निर्माण गरी कार्यान्वयन गर्न कार्ययोजना तयार गरिएको थियो । सोमध्ये सुरुङ र हेडवर्क्सको निर्माण कार्यसँग सम्वन्धित बाँकी कामहरू सम्पन्न गराउन मुख्य दुईवटा प्याकेज खुल्ला प्रतिस्पर्धाको बोलपत्रका माध्यमबाट निर्माण गर्न र उल्लेखित दुई प्याकेजलाई आवश्यक हुने पाईप फिटिङ, हाईड्रोमेकानिकल सप्लाई तथा जडान,

भेण्टिलेसन शाफ्ट जडान, ईन्स्ट्रूमेन्टेसन सप्लाई तथा जडान र पाईप जडान जस्ता कार्यहरूको लागि नयाँ सप्लायर पहिचान, डिजाईन, उत्पादन र सप्लाईमा अत्यधिक समय खेर जाने देखिएकोले साविककै निर्माण व्यवसायी CMC सँग आवद्ध रहेका सप्लायर तथा सव-कंट्र्याक्टरबाट नै गर्न गराउन उचित हुने ठहर गरिएको थियो । त्यसैगरी आयोजनामा तत्काल गर्नुपर्ने संरक्षणका कार्यहरू रिबर्मा प्रोटेक्सन, वास-आउट तथा आउटफल निर्माण लगायतका कार्यहरू यस समितिसँग आवद्ध निर्माण व्यवसायीलाई भेरियेसन आदेशबाट गराउन समेत समितिको बोर्ड तथा नेपाल सरकार मन्त्रिपरिषद्को मे २०१९ (२०७६ जेठ ६) गतेको निर्णय अनुसार कार्यान्वयन गरिएको छ ।

मेलम्ची खानेपानी आयोजनामा वर्षायाम अगावै संरक्षणका लागि गर्नुपर्ने अत्यावश्यक कार्यहरू सुरु गरिदा CMC लाई स्थानीय निर्माण सामग्री आपूर्ति गरिरहेका आपूर्तिकर्ताहरूबाट CMC ले भुक्तानी नदिएको कारण देखाई रिबर्मा संरक्षण, भेण्टशाफ्ट निर्माण, सुन्दरीजल वासआउट तथा आउटफल निर्माण र पानी प्रशोधन केन्द्र निर्माण कार्यमा समेत अवरोध भएको थियो । आयोजनाको अत्यावश्यक काममा अवरोध गरिएकोमा तत्काल यसको समाधानका लागि खानेपानी मन्त्रालय तथा मेलम्ची खानेपानी विकास समितिबाट पहल गरिएको थियो ।

निर्माण व्यवसायीबाट साइट छोड्दाका अवस्थामा कार्यरत दक्ष, अदक्ष श्रमिकहरूको नोभेम्बर २०१८ देखि साइट छोड्दासम्मको पारिश्रमिक एवं अन्य सुविधा वापत दावी गरिएको लगभग रू. ८ करोड भुक्तानीका सम्बन्धमा समितिबाट आवश्यक छानविन गरिएको थियो । यस

सम्बन्धमा नेपाल सरकार मन्त्रिपरिषद्को सेप्टेम्बर २०१९ (२०७६।०५।१९) को निर्णयानुसार राहतस्वरूप श्रमिकलाई करिव रू. २ करोड ७६ लाख भुक्तानी समेत गरिसकिएको छ । केही श्रमिकहरूको भुक्तानी छुट हुन गएकोमा मेलम्ची खानेपानी विकास समितिले आवश्यक पहलकार्य सुरु गरिसकेको छ । CMC का आपूर्तिकर्ता तथा सव कन्ट्र्याक्टरहरूले समेत भुक्तानी नपाएको सम्बन्धमा अध्ययन गरी सिफारिस गर्न मन्त्रालयका सह-सचिवको संयोजकत्वमा एक प्राविधिक समिति गठन गरिएको छ । चरणवद्धरूपमा समस्याको समाधानका लागि अध्ययन तथा सिफारिस गरिने भएकोले सम्वन्धित पक्षबाट थप अवरोध नहुने समेत सहमति भएको छ । उक्त समितिले हाल आवश्यक तथ्य-प्रमाणहरूको संकलन गरिरहेको र अध्ययन प्रतिवेदन दुई महिनाभित्रमा प्राप्त हुने अपेक्षा गरिएको छ ।

मेलम्ची खानेपानी आयोजनामा CMC सँग आवद्ध आपूर्तिकर्ताहरूबाट गिट्टी तथा वालुवाको भुक्तानी CMC बाट नपाएका कारण आयोजनामा पटक-पटक वन्द गर्ने, दवाव दिने गरेको अवस्था थियो । आयोजनामा देखिएको यस समस्याको समाधानका लागि प्रतिनिधि सभाको विकास तथा प्रविधि समितिबाट समयसापेक्ष पहल गरिएको छ। सो कार्यका लागि उक्त समितिको मिति: २०७६।०९।१४ गतेको ७० औं बैठकबाट "..... CMC को ठेक्का रद्द भएपश्चात मेलम्ची खानेपानी आयोजनाको अधिनमा रहन आएका बालुवा, गिट्टी जस्ता निर्माण सामग्रीहरूको सदुपयोग गरी स्थानीय आपूर्तिकर्ताहरूको बाँकी बक्यौता भुक्तानी गर्न उपयुक्त हुने देखिएकोले आवश्यक व्यवस्था मिलाउन निर्देशन भएको ....." व्यवस्था गरिएको छ । यस सम्बन्धमा

खानेपानी मन्त्रालयबाट गठित प्राविधिक समितिको प्रतिवेदनले "…..CMC कम्पनीबाट सम्बन्धित आपूर्तिकर्ताहरूलाई भुक्तानी दिए वा नदिएको यकिन गरी दोहोरो भुक्तानी नहुने गरी उपयुक्त तवरले गुनासोको सम्वोधन गर्दै यथास्थितिमा रहेको गिट्टी तथा बालुवालाई आयोजनाको काममा सदुपयोग गर्न सुझाव दिने …..।" सिफारिस प्राप्त भएको ।

**मेलम्ची खानेपानी विकास समितिको निर्णयः**

"आयोजनाबाट बढीमा १५ दिनको म्याद दिई CMC लाई गिट्टी बालुवा सप्लायर्सहरूको भुक्तानी विवाद समाधान गर्न र सो नभएको अवस्थामा दावी गरिएका विषयहरूका सम्वन्धमा उपयुक्त समाधानका उपायहरू अवलम्बन गरिने भन्ने विषयमा CMC लाई पत्राचार गर्ने । यस वाहेक गिट्टी-बालुवाको स्वामित्वको विषयमा माग दावीको लागि ७ (सात) दिनको समय तोकी सार्वजनिक सूचना प्रकाशन गर्ने र सो अवधिभित्र प्राप्त हुन आउने माग तथा गुनासोहरूलाई समावेश गरी सम्पूर्ण आपूर्तिकर्ताहरूको संख्या एकिन गर्नुका साथै परामर्शदाताको Determination अनुसार समस्या समाधान गर्नका लागि निर्णय गरियो।"

यसरी स्थानीय आपूर्तिकर्ताहरूको गिट्टी-बालुवा सम्बन्धी समस्या समाधानका लागि संसदको विकास तथा प्रविधिक समितिबाट प्राप्त निर्देशन तथा खानेपानी मन्त्रालयबाट गठित प्राविधिक समितिको सुझाव अनुसार मेलम्ची खानेपानी विकास समितिको बोर्ड बैठक संख्या ३०२ मिति २०७६।०९।१७ बाट निर्णाय भएअनुसार आवश्यक कार्यहरू सुरु गरिएको छ ।

**नयाँ ठेक्काको व्यवस्थापन**

३१ मे, २०१९ मा मुख्य दुई प्याकेजको नयाँ खरीदका लागि बोलपत्रको सूचना प्रकाशन गरिएको थियो । सो अनुसार प्राप्त हुन आएका बोलपत्रहरूको मूल्याङ्कनबाट चिनीया निर्माण व्यवसायी Sinohydro को बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रवाहग्राही देखिएकाले असोज १२ गते सुरुङ र असोज २४ गते हेडवर्क्स निर्माणको सम्झौता गरिएको छ । सो सम्झौता अनुसार निर्माण व्यवसायी साईटमा परिचालन भई निर्माण कार्यहरू सुचारु भएको छ। हाल निर्माण व्यवसायी Sinohydro बाट सुरुङको विभिन्न सेक्सनमा Backfill Grouting तथा Rectification कार्य भइरहेको छ । पर्याप्त संख्यामा जनशक्ति परिचालन गरी तीनवटै अडिटबाट फाईनल सपोर्टको Rock Bolt जडान गर्ने कार्यसमेत समानान्तर रूपमा गरिएको छ ।

साविकको निर्माण व्यवसायी CMC बाट द्रूत गतिमा सुरुङ खन्ने तथा प्रारम्भिक सपोर्टको कार्य गर्ने क्रममा कमजोर चट्टान रहेको केही सेक्सनहरूमा Backfill Grouting गर्न आवस्यक देखिएकोमा निर्माण व्यवसायीबाट परामर्शदाताको सहमतिमा उल्लेखित सेक्सनमा फाईनल सपोर्टको कार्य सँगसँगै Backfill Grouting गरिने गरी सुरुङ खन्ने कार्य अघि बढाई सुरुङ सम्पन्न (Breakthrough) गरिएको थियो । त्यस्ता पहिचान गरिएका उल्लेखित स्थानमा हाल भईरहेको Backfill Grouting कार्यको परिमाण अनुमान गरिएको तुलनामा अत्याधिक खपत भईरहेको अवस्था छ । हाल परामर्शदाताबाट सुरुङको Backfill Grouting तथा Finishing कार्यलाई निरन्तरता दिन निर्देशन भएको छ । मेलम्ची खानेपानी विकास समितिका तर्फबाट यस परिस्थितिको निरीक्षण, अध्ययन तथा सिफारिस समेत गर्न विषेशज्ञ समूह खडा गरिएको छ । वास्तविकताका आधारमा variation को माध्यमबाट तत्काल यस कार्यलाई सम्पन्न गरिने छ ।

सुरुङ निर्माण तथा सोसँग सम्बन्धित कार्यहरू निर्माण व्यवसायी परिचालन भएको १२ महिनामा र हेडवर्क्ससँग सम्बन्धित सबै कार्यहरू १५ महिनाभित्रमा सम्पन्न गर्ने गरी कार्ययोजना तय गरिएको छ । सोही अनुसार निर्माण व्यवसायी Sinohydro कम्पनीले निर्माणकार्य सुरु गरी सकेको र तोकिएको समयमै कार्य सम्पन्न गर्न तदारुकता देखाएको छ । Sinohydo ले सुरुङ र हेडवर्क्स निर्माण क्षेत्रमा हाँसिल गरेको विज्ञता, अनुभवका साथै उल्लेखनीय एवं सवल व्यवस्थापकीय क्षमता तथा पेशागत ईमान्दारिता अनुसार कार्य सम्पादन हुन सक्नेमा विश्वस्त रहेकोले तोकिएको लक्ष अनुसार नै काठमाडौं उपत्यकामा पानी पथान्तरण तथा वितरणका लागि उपलब्ध हुने विश्वास लिइएको छ ।

**आयोजनाको हालसम्मको भौतिक प्रगति तथा खर्च स्थिति**

मेलम्ची खानेपानी आयोजनको समग्रमा ९४ प्रतिशत भौतिक प्रगति भएको छ भने हालसम्ममा करिव रू. २७ अर्व ९४ करोड खर्च भएको छ ।

**आयोजना तोकिएको समयमा सम्पन्न गर्न चुनौती तथा सोको समाधानका लागि नेपाल सरकार तथा अन्य निकायबाट अपेक्षित सहयोग**

विगतको समयमा स्थानीय जनता तथा विभिन्न सरोकारवाला निकायहरूको मेलम्ची खानेपानी आयोजनाप्रतिको सद्भाव र सहयोगबाट नै मेलम्ची खानेपानी आयोजना हाल सम्पन्न हुने अवस्थामा आइपुगेको छ । नेपाल सरकार मेलम्ची खानेपानी विकास समिति सबैमा यसको उच्च कदर गर्दछ । आयोजना अन्तिम चरणमा आइपुग्दा हेडवर्क्स तथा सुरुङ निर्माणको निर्माण व्यवसायी CMC को कमजोर नगद प्रवाहको आन्तरिक समस्या समेत हदैसम्म लचकता

अपनाई सहजीकरण गरी निर्माण कार्यलाई निरन्तरता र तिव्रता दिइएको थियो । २०७५ सालको माघमा निज कम्पनीसँगको ठेक्का सम्झौता वाध्यतावस रद्द गर्नुपरेको थियो । यसरी ठेक्का रद्द भएको बखत स्थानीय श्रमिक, आपूर्तिकर्ता, सव-कन्ट्र्याक्टरहरू तथा सरोकारवाला निकायहरूबाट आयोजनाको सम्पन्न भएको कामको भुक्तानी CMC ले लिएको भएपनि आफूले भुक्तानी नपाएका कारण आर्थिक क्षति भोग्नु परेकाले आयोजनाका कार्यहरू अवरोध सृजना भएको थियो ।

भविष्यमा यस्तो अवरोध हुन नदिन उत्पन्न समस्याहरूको समाधानका लागि नेपाल सरकारका तर्फबाट दूरदर्शितापूर्ण तरिकाले समयमै आवश्यक निर्णयहरू अवलम्वन गर्नुपर्ने हुन्छ । आयोजनाको सफलताका लागि स्थानीय निकायहरूबाट समयसापेक्ष सहयोग तथा समन्वय प्राप्तहुने विश्वास गरिएको छ । त्यसैगरी स्थानीय प्रशासन, सुरक्षा निकाय तथा सम्वन्धित सवै पक्षबाट सुरक्षा तथा आयोजना प्रति सद्भावको वातावरण सृजना हुनु अत्यावश्क छ । राष्ट्रिय गौरवको यस आयोजनाको सफल निर्माण तथा कार्यान्वयनका क्रममा देखापर्ने विवाद तथा समस्याहरूको दीर्घकालिन समाधानका लागि राजनीतिक नेतृत्वको अभिभावकीय भूमिकाको अपेक्षा गरिएको छ ।

सञ्चार माध्यममा यदाकदा आयोजना कार्यान्वयनको विषयमा अनुमानित तथा अस्पष्ट समाचारहरू प्रकाशन तथा प्रशारण भएको देखिएकोले सत्यतथ्य सहितका सकारात्मक समाचार सम्प्रेषण गरिदिन सम्पूर्ण सञ्चारजगत समक्ष आयोजना हार्दिक अपिल गर्दछ । यसका साथै नेपाल सरकारका सरोकारवाला निकायहरू संसदीय समितिहरूलाई समेत नेपाल सरकारको गठन आदेश नियमावली बमोजिम खडा

गरिएको विकास समितिप्रति विश्वास तथा भरोसा राखी सहयोग गरी दिएकोमा धन्यवाद ब्यक्त गर्दछ ।

**भविष्यको कार्य योजना मेलम्ची दोस्रो चरणको तयारी कार्यको सुरुआत**

काठमाडौं उपत्यकाको जनसंख्या वृद्धिको अवस्थाको विश्लेषण गर्दा पहिलो चरणमा मेलम्ची नदीबाट ल्याईने पानीले उपत्यकाका वासिन्दाको पानीको माग व्यवस्थापन गर्न नसकिने सन्दर्भमा आयोजनाको दोस्रोचरण अन्तरगतको याङग्री तथा लार्के नदीबाट प्रतिदिन ३४ करोड लिटर थप पानी काठमाडौं ल्याउन निर्माण गर्नुपर्ने करिव ९.५ किलोमिटर लामो याङ्ग्रि सुरुङ तथा हेडवर्क्स, २ किलोमिटर लामो लार्के सुरुङ तथा हेडवर्क्स तथा पानी प्रशोधन केन्द्र निर्माण सम्बन्धी विस्तृत अध्ययन, डिजाईन र लगत इष्टमेट तयारी कार्य तथा वातावरणीय प्रभाव मूल्याङ्कन सम्वन्धी अध्ययन कार्यहरू सम्पन्न गरिएका छन् ।

वातावरण संरक्षण, सामाजिक उत्थान र पुनर्वास सम्वन्धी कार्यक्रम सञ्चालनमा स्थानीय जनताको सहभागितालाई प्रभावकारी रूपमा परिचालन गर्ने व्यवस्था अनुसार कार्ययोजना बनाइएको छ । आयोजनाको दोस्रो चरणको प्रवेशमार्ग निर्माणका लागि आर्थिक वर्ष २०७३।७४ मा स्थानीय सरोकार समितिको पहलमा धापदेखि भोताङसम्मको १० किलोमिटर ट्र्याक खोल्ने कार्य सम्पन्न गरिएको छ। यसको बाँकी निर्माणका लागि गत आर्थिक वर्ष २०७५।७६ बाट निर्माण व्यवसायी समेत परिचालन गरिएको छ । (आयोजनाको दोस्रो चरणको प्रवेशमार्गको पहिलो १५ किलोमिटर सडकको निर्माण सडक विभागबाट भइरहेको छ।) गत आर्थिक वर्षमा सडक विभाग, सडक डिभिजन कार्यालय दोलखाबाट कार्यान्वयन हुने गरी रात्माटा

धापसम्मको १० किलोमिटर सडक निर्माणका लागि आवश्यक बजेट समेत उपलब्ध गराइएको थियो ।

मेलम्ची खानेपानी आयोजनाको पूर्वाधार निर्माणका लागि आवश्यक करिव ३८० रोपनी जग्गा प्राप्तिको कार्य समेत सुरु गरिएको छ । यसरी काठमाडौं उपत्यकाको खानेपानी आपूर्तिको दिगो एवं दीर्घकालीन व्यवस्था गर्न गठीत मेलम्ची खानेपानी विकास समितिबाट सञ्चालित राष्ट्रिय गौरवको यस आयोजनाको पहिलो चरणको कार्यहरूको निर्माण कार्य यसै आर्थिक वर्षभित्र सम्पन्न गरी १७ करोड लिटर खानेपानीको आपूर्ति गरिने छ । साथै दोस्रो चरणको याङरी र लार्केबाट १७/१७ करोड गरी जम्मा ३४ करोड लिटर पानी थप आपूर्ति गर्न आगामी दिनमा आयोजना कार्यान्वयन गर्न मेलम्ची खानेपानी विकास समिति प्रतिवद्धता व्यक्त गर्दछ ।

# अनुसूची

**आयोजनाको आर्थिक स्रोत व्यवस्थापन - सन् २००० को आयोजनाको सुरुको संरचनाहरूको कूल लागत सहित**

| क्र. सं. | स्रोत | रकम (मीलियन अमेरिकन डलर) | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | नेपाल सरकार | ११८ | २५.४३ | चालु रहेको |
| २ | एडिबि | १२० | २५.८६ | चालु रहेको |
| ३ | बिश्व बैंक | ८० | १७.२४ | रद्द गरिएको |
| ४ | जेबिक | ५२ | ११.२१ | सम्पन्न |
| ५ | नोराड | २८ | ६.०३ | रद्द गरिएको |
| ६ | सिडा | २५ | ५.३९ | रद्द गरिएको |
| ७ | जापान | १८ | ३.८८ | सम्पन्न |
| ८ | ओपेक | १४ | ३.०२ | सम्पन्न |
| ९ | एनडिएफ | ९ | १.९४ | सम्पन्न |
| जम्मा | | ४६४ | १०० | |

**माघ २०६४ मा आयोजनाको पुनर्संरचना गरिएपछिको लागत**

| सि. न. | आयोजनाको आर्थिक स्रोत | रकम (मिलियन अमेरिकि डलर) | | | जम्मा | प्रतिसत | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | सुरुको (२००८) | थप (२०१४) | थप (२०१५) | | | |
| १ | नेपाल सरकार | ७३.९ | १३ | ८.१ | ९५. | ३०.३६ | |
| २ | एडिबि Loan 1820 | १०३.८ | २५ | १७.४ | १४६.२ | ४६.७२ | सुरुङ्ग तथा हेडवर्क्स निर्माण (ADB Loan 3110 ) तथा पानी प्रशोधन केन्द्र भाग २ दोश्रो चरणको डिजाईन (ADB Loan |
| ३ | जाईका loan NE-P08 | ४७.५ | | | ४७.५ | १५.१८ | पानी प्रशोधन केन्द्र निर्माण भाग -१ (८.५ करोड ली दैनिक क्षमता) |
| ४ | नर्डिक सहयता कोष | १०.५ | | | १०.५ | ३.३६ | सुरुङ्ग निर्माण परामर्श |
| ५ | ओपेक | १३.७ | | | १३.७ | ४.३८ | आयोजना को डिजाईन |

**सुरूङ निर्माण गर्ने कामका निर्माण व्यवसायी (CMC di Ravenna) सँगको ठेक्का रद्द भएको विषयको यथार्थ जानकारी तथा अन्य घटनाक्रमहरू :-**

१) निर्माण व्यवसायीले Dispute Board को निर्णय अनुसारको ३६ करोडको भुक्तानी नभएको अवस्थामा निर्माण कार्य जारी राख्न असमर्थ हुने र ठेक्का सम्झौता रद्द गर्न सकिने जनाई ३० नोवेम्बर, २०१८ मा Contract Termination को पत्र पठाएको थियो । सोही सन्दर्भमा १७ डिसेवर, २०१८ मा ठेकेदार कम्पनीद्वारा ठेक्कापट्टा सम्झौता दफा १६.२ अनुसार ठेकेदारको तर्फबाट Contract Termination को पत्र पेश गरेको ।

२) १८ डिसेम्बर, २०१८ मा यस आयोजनाका परामर्शदाता Eptisa बाट निर्माण व्यवसायी आफूखुशी साइट छाडी गएको हुँदा निज ठेकेदारलाई ठेक्कापट्टा सम्झौता दफा १५.२ अनुसार यस कार्यालयमा ठेक्का तोड्नका लागि (ContractTerminitation by Employer) पत्रमार्फत सिफारिस प्राप्त भएको ।

३) निर्माण व्यवसायी कम्पनीले २१ डिसेम्बर, २०१८ मा अर्को पत्र पठाई १७ डिसेम्बर, २०१८ मा पठाएको ठेक्कातोड्ने पत्र फिर्ता लिएको व्यहोरा जानकारी गराए तापनि २८ डिसेम्बर २०१८ मा फेरि अर्कोपत्र पठाई आफ्नो पूर्ववत ठेक्का तोडेको पत्र नै आधिकारिक भएको र पछि २१ डिसेम्बरमा फिर्ता लिएको पत्र अमान्य भएको भन्ने व्यहोरा उल्लेख गरी पत्राचार गरेको ।

४) २३ डिसेम्बर, २०१८ मा यस आयोजनाका परामर्शदाता ईन्जिनियर Eptisa द्वारा ठेकेदार कम्पनीले गरेको ठेक्का तोड्ने कार्य सम्झौताको नियमानुसार नभएको भनी राय दिएको ।

५) यसैबीच निज निर्माण व्यवसायीले ठेक्कापट्टा सर्त बमोजिम उपलब्ध गराउनु पर्ने Performance Security तथा Advance Security

को म्याद ३१ डिसेम्बर, २०१८ सम्म मात्र रहेकोमा र ठेक्का सम्झौताको प्रावधान बमोजिम म्याद समाप्त हुनुभन्दा एक महिना अगाडी नै नवीकरण गरी ल्याउनु पर्नेमा सोको पालन नभएकोले मेलम्ची खानेपानी विकास समितिले उपरोक्त बमोजिमका बैंक जमानी पत्रहरू (Bank Guarantee) जफत गर्न सम्बन्धित बैंकहरूलाई पत्राचार गरेको । सो सम्बन्धमा मिति: २०७५।०९।०६ मा ठेकेदार कम्पनीले धरौटी रकम जफत नगरियोस् भनी निषेधाज्ञा माग गरी उच्च अदालत पाटनमा रिट दायर गरेकोमा सम्मानित उच्च अदालतबाट ठेकेदार कम्पनीको रिट मिति २०७५।०९।१४ मा खारेज गरेको ।

६) उपरोक्त घटनाक्रमको परिप्रेक्षमा मेलम्ची खानेपानी विकास समितिबाट निर्माण व्यवसायीलाई पुनः काममा फर्किई वार्ताद्वारा समस्या समाधान गर्नको लागि पहल गरेको भए तापनि निर्माण व्यवसायी सकारात्मक नभएको ।

७) आयोजनाद्वारा निर्माण व्यवसायीको कार्यसम्पादन जमानत, अग्रिम पेश्की जमानत लगायत सुरक्षण वापतको रकम रू. २ अर्व ०९ करोड जफत गरिएको ।

८) यसपछि पनि मेलम्ची खानेपानी विकास समितिबाट निर्माण व्यवसायीसँग पटकपटक पत्राचार गरी निर्माण कार्य पुन: सञ्चालन गर्न पहल गरिए अनुरुप ७ जनवरी, २०१९ मा निर्माण व्यवसायीको प्रतिनिधीहरू इटालियन राजदूत सहित वार्ताको लागि नेपालमा आउने जानकारी गराएकोमा उनीहरू उपस्थित नभएकोले प्रयास सफल नभएको।

९) ११ जनवरी, २०१९ मा निर्माण व्यवसायी CMC द्वारा ठेक्का प्रावधानको विपरित हुने गरी विभिन्न २१ वटा शर्तहरू राख्दै तेस्रो मुलुकमा वार्ता गर्ने गरी पत्र पठाएको ।

१०) मेलम्ची खानेपानी विकास समितिबाट नेपालमै १८ जनवरी, २०१९ भित्रमा वार्ता गर्न आउनको लागि १५ जनवरी २०१९ मा पत्राचार गरिएको।

११) वार्तामा आउने कुनै प्रतिक्रिया नआएपछि मेलम्ची खानेपानी विकास समितिले २२ जनवरी २०१९ मा १४ दिनको म्याद दिई ठेक्का तोड्ने आशयको पत्र जारी गरेको ।

१२) १४ दिनसम्म पनि निर्माण व्यवसायीबाट उल्लेखित पत्रको कुनै जवाफ नआएपछि मेलम्ची खानेपानी विकास समिति-बोर्डबाट निर्णय भए बमोजिम ७ फेब्रुवरी २०१९ मा ठेक्का तोड्ने पत्र पठाइएको।

१३) निर्माण कार्य पूर्णरुपमा ठप्प रहेको अवस्थामा मेलम्ची खानेपानी विकास समिति तथा परामर्शदाताबाट सुरूङको स्थलगत निरीक्षण गरिएको । निर्माण गरिएका तथा निर्माणाधिन संरचनाहरूको अवस्था, साइटमा उपलब्ध निर्माण सामाग्री, उपकरणको लेखाजोखा तयार गरिएको । बाँकी रहेका कामहरू नयाँ ठेक्का सम्झौताबाट गर्न आवश्यक देखीि सो सम्बन्धमा आवश्यक सम्पूर्ण दस्तावेज (Design Specification , Rate Analysis) तयार गर्न शुरु गरिएको थियो ।

१४) दातृ निकाय एडिबिसँग बाँकी काम सम्पन्न गर्ने सम्बन्धमा छलफल गरी कार्य योजना तयार गरिएको । तयार गरिएको कार्ययोजनाको कार्यान्वयनका लागि दातृ निकायबाट सहमति प्राप्त भएको र नेपाल सरकार मन्त्रिपरिषद्को समेत अनुमोदन हुनुपर्ने राय दातृ निकायबाट राखिएको ।

१५) दातृ निकाय एडिबिको विज्ञसहितको टोली, परामर्शदाता तथा मेलम्ची खानेपानी विकास समितिका तर्फबाट सुरूङको स्थलगत निरीक्षण गरिएको र सुरूङको निर्माणमा गुणस्तर कायम रहेको प्रतिवेदन प्राप्त भयो ।

१६) लामो समयसम्म बिना व्यवस्थापन काम रोकेर राख्दा खोलाको पानीले हेडवर्कस् तथा अन्य क्षेत्रमा समेत निर्माणाधिन संरचनामा क्षति पुग्ने संभावना रहेको, मेसिन तथा औजारहरू विग्रने सम्भावना बढेकोले सोको व्यवस्थापनको लागि आवश्यक निर्णय गरी तत्काल गर्नुपर्ने कार्यको डिजाइन, लगत इष्टमेट तयार गरिएको ।

१७) आयोजनाको संक्रमणकाल लम्बिदै जाँदा साईटको सुरक्षा व्यवस्थापन लगायत अन्य चुनौती बढ्दै गएकोले थप सुरक्षावल परिचालन गर्न सम्बन्धित निकायलाई अनुरोध गरिएको ।

१८) स्थानीय व्यक्ति फर्महरूबाट निर्माण व्यवसायीलाई rent र lease मा लगाईएको Equipment र Machinary हरू को व्यवस्थापनमा समस्या देखिएको । यसको समाधानको लागि परामर्शदाताको सहयोगमा समिति गठन गरी फिर्ता गरिएको ।

१९) निर्माण व्यवसायीबाट मेलम्ची क्याम्प साइट एवं अन्य अडिटहरूमा उपलब्ध गराइएको विभिन्न सेवाहरू क्याम्प सञ्चालन लगायत Vehicle हरू संचालन मर्मत सम्भारमा समस्या आएकोले परामर्शदातालाई सोको व्यवस्थापनको लागि अनुरोध गरिएको ।

२०) स्थानीय निर्माण सामग्री आपूर्तीकर्ताहरूबाट निर्माणव्यवसायी CMC ले भुक्तानी नदिएको गुनासो आएको सो सम्बन्धमा मेलम्ची खानेपानी विकास समितिले CMC लाई भुक्तानी दिइसकेको हुँदा थप भुक्तानी गर्ने प्रावधान र अधिकार नभएकोले सो सम्बन्धमा आवश्यक निर्णय गर्न मन्त्रालयलाई अनुरोध गरिएको ।

२१) निर्माण व्यवसायीबाट साइट छोड्दाका अवस्थामा कार्यरत दक्ष, अदक्ष श्रमिकहरू को नोभेम्बर २०१८ देखि साइट छोड्दासम्मको पारिश्रमिक एवं अन्य सुविधा वापतको दाबी

गरिएको लगभग रू. ८ करोड भुक्तानी गर्न बाँकी रहेको जानकारी प्राप्त भएको ।

२२) स्वदेश फर्किनुपूर्व CMC का उच्चअधिकारिसँग काठमाडौंमा वार्ताका लागि पहल गरिएको र CMC ले क्रिसमस पश्चात फर्के लगत्तै समस्याको समाधान गर्न सहमत भई २३ डिसेम्बर, २०१८ मा टरमिनेसन लेटर फिर्ता गरेको ।

२३) CMC बाट २८, डिसेम्बर २०१८ मा पुन: पत्र लेखी टरमिनेसन यथावत नैरहने गैर कानूनी जानकारी गराएकोमा जनवरी, २०१९ को सुरुदेखिनै कार्यकारी निर्देशकबाट यसबीचमा औपचारिक तथा अनौपचारिक हरतवरले CMC फर्काउन पहल गरेको ।

२४) मन्त्रालयबाट पहल हुँदा निर्माण व्यवसायीकोतर्फबाट नेपाल बाहेक सिंगापुर वा बैंककमा वार्ता गर्न सकिने सर्त सहितको प्रस्ताव प्राप्त भए बमोजिम मन्त्रालयबाट टोली गठन गरी CMC सँग समस्या समाधानको लागि सिंगापुरमा अनौपचारिक रुपमा छलफल भएको र सो सम्बन्धमा टोलीले मन्त्रालयमा प्रतिवेदन पेश गरेको ।

२५) सिंगापुरको अनौपचारिक छलफलमा नेपाल फर्की पुनः निर्माण कार्य सुचारु गर्ने सम्बन्धमा CMC ले ३१ बुँदे सर्तसहितको प्रस्ताव राखेको र सो सम्बन्धमा कुनै औपचारिक वार्ता र निर्णय हुन नसकेको ।

२६) वार्ताको लागि अनुरोध गरी CMC बाट अनौपचारिक रुपमा पठाएको कार्ययोजना (Work Plan) अनुसार २८ फेब्रुवरी, २०१९ बाट कार्य सुरु गर्ने गरेको अवस्थामा अल्टरनेट डाइभर्सन सिस्टमबाट पानी डाइभर्सन गर्ने कार्य ७ महिना पछाडि १९ अक्टुबर, २०१९ मा सम्पन्न हुने र सम्पूर्ण कार्य २० मार्च, २०२० मा सम्पन्न गर्ने उल्लेख भएको भए तापनि शुरू

गर्ने समय टरिसकेकोले उक्त प्रस्ताव अनुसार पानी ल्याउने समयावधि सान्दर्भिक नदेखिएको । साथै निर्माण व्यवसायीले राखेका शर्तहरू कानून अनुसार स्वीकार योग्य नदेखिएको ।

२७) हेडवर्कस् तथा सुरूङ निर्माणको लागि बोलपत्र ३१ मे, २०१९ (२०७६ जेठ १७) गते मात्र सूचना प्रकाशित गरिएको ।

२८) १९ जुन, २०१९ मा रिबर्मा संरक्षणको कार्यका लागि श्रेष्ठ निर्माण सेवासँग सम्झौता गरी तत्काल कार्य शुरु गर्न जिम्मेवारी दिइएको ।

२९) १४ जुलाई, २०१९ मा भेन्टिलेसन साफ्ट निर्माणको लागि Geetha Borewells सँग सम्झौता गरी कार्य शुरु गरिएको ।

३०) १५ जुलाई, २०१९ मा पानी प्रशोधन केन्द्र भाग–२ को निर्माण व्यवसायीलाई CMC ले अधुरो छाडेको सुन्दरीजल Washout, Outfall तथा सडक र सिंचाई कुलो मर्मत समेतको कामको लागि भेरिएसन आदेश जारी गरी निर्माण कार्य गरिएको ।

## बाँकी रहेका कामहरूको परिमाण तथा प्रकृति अनुसार दुई मुख्य प्याकेजहरू को खरीद कार्य निम्न अनुसारका मितिमा भएको थियो

१) बाँकी रहेका सम्पूर्ण कार्यहरू सम्पन्न गर्न परामर्शदाताबाट तयार गरिएका डकुमेन्टहरूको स्वीकृति र एडिबिको सहमती पश्चात सुरूङ र हेडवर्क्सको छुट्टाछुट्टै प्याकेजको बोलपत्रको सूचना ३१ मेमा प्रकाशन गरिएको ।

२) १७ जुन, २०१९ मा सुरूङ प्याकेज तथा १ जुलाई, २०१९ मा हेडवर्कस् प्याकेजको बोलपत्र खोलिएको ।

३) १२ जुलाई, २०१९ मा दुबै प्याकेजको प्राविधिक प्रस्ताव मूल्याङ्कन गरी सहमतिका लागि एडिबिलाई पठाइएको ।

४) २३ जुलाई, २०१९ मा एडिबिबाट सहमति प्राप्त भएको ।

५) २६ जुलाई, २०१९ मा आर्थिक प्रस्ताव खोलिएको ।

६) १ अगस्ट, २०१९ मा आर्थिक प्रस्ताव मूल्याङ्कन सम्पन्न गरी सहमतिका लागि एडिबिलाई पठाइएको ।

७) ८ अगस्ट, २०१९ मा एडिबिको सहमति प्राप्त भएको ।

८) १३ अगस्ट, २०१९ मा LoI जारी भएको ।

९) २२ अगस्ट, २०१९ मा LoA जारी भएको ।

१०) १८ सेप्टेम्बर, २०१९ मा performance Bank guarantee पेस गरेको ।

११) १९ सेप्टेम्बरदेखि विभिन्न चरणमा Contract Negotiation गरिएको ।

१२) २९ सेप्टेम्बरमा Tunnel Package 2 को ठेक्का सम्झौता गरिएको।

१३) १ अक्टोबरमा Tunnel Package 2 को साईट हस्तान्तरण गरिएको।

१४) ११ अक्टोबरमा Headworks Package 1 को ठेक्का सम्झौता गरिएको ।

सुरुङ तथा हेडवर्क्स दुबै प्याकेजको कार्यको लागि एउटै निर्माण व्यवसायी Sinohydro छनौट भएको र उक्त कम्पनी निर्माण स्थलमा परिचालन भई सकेको छ । अन्य सहायक आठवटा प्याकेजहरू को समेत सम्झौता सम्पन्न गरिएको छ । Sinohydro सहित अन्य सबै प्याकेजहरूका सव कन्ट्र्याक्टर तथा सप्लायरबीच समन्वयात्मक कार्य गर्नुपर्ने व्यवस्था मिलाइएको र सोही अनुसारको कार्य तालिकामा सहमति गरी कार्य अघि बढाउन निर्देशन गरिएको छ । परामर्शदाताको टोली निर्माण व्यवसायीलाई आवश्यक सहजीकरण तथा निर्देशन गर्नका लागि साईटमा खटिएको छ । यसकारण आयोजनाको बाँकी रहेको कार्य तोकिएको समयमा सम्पन्न हुने अपेक्षा गरिएको छ।

## अन्य ठेक्का प्याकेजहरुको कार्यान्वयनको अवस्था

| प्याकेज | कामको नाम | निर्माण व्यवसायी | कार्यान्वयनको अवस्था |
|---|---|---|---|
| ४ | हाईड्रोमेकानिकल गेट जडान | Precision Infra tech India | मिति २०७६।०७।०६ मा सम्झौता गरि निर्माण तथा जडान कार्य सरु गरिएको |
| ५ | अनुगमन उपकरण जडान | Soluciones Integrales,BFOR Spain | मिति २०७६।०९।१८ मा सम्झौता गरिएको |
| ७ | स्टेनलेस तथा डी.आई पाईप सप्लाई कार्य | Exim Nepal | मिति २०७६।०९।०४ मा सम्झौता गरिएको |
| ८ | पाईप फिटिङ्गसप्लाई कार्य | Adwell International Pvt.Ltd | मिति २०७६।०९।१५ मा सम्झौता गरिएको |
| ९ | पाईप सपोर्ट डिजाईन तथा निर्माण | Machhapuchre | मिति २०७६।०९।१४ मा सम्झौता गरिएको |
| १० | डि.आई पाईप जडान | BNNB | मिति २०७६।०९।१३ मा सम्झौता गरिएको |

## आयोजनाको आर्थिक वर्ष २०७५।७६ सम्मको समग्र वित्तीय अवस्था

| क्र. सं. | विवरण | खर्च रकम रू. लाखमा | | |
|---|---|---|---|---|
| | | मेलम्ची १ | मेलम्ची २ | जम्मा |
| १ | मुआवजा | ९४२९.७२ | १६६२ | ११०९१.७२ |
| २ | सवारी साधन | ४१७.५२ | ४.८५ | ४२२.३७ |
| ३ | निर्माण | १९०८७५.०२ | ५२० | १९१३९५.०२ |
| ४ | सामाजिक उत्थान | ९४९८.११ | | ९४९८.११ |
| ५ | वातावरण | १९३७.४३ | २.७५ | १९४०.१८ |
| ६ | परामर्श | ५२०५४.८२ | २२९२ | ५४३४६.८२ |
| ७ | प्रशासनिक तथा चालू खार्च | ७९०१.१८ | | ७९०१.१८ |
| | जम्मा | २७२११३.८ | ४४८१.६ | २७६५९५.४ |








**प्रकाशन:**

**मेलम्ची खानेपानी विकास समिति**

**पानीपोखरी काठमाडौं ।**



**फोन नम्बर:- ४४४३४७३, ४००६५४३, ४००६५१९, ४००६५२०।**

**फ्यकस:- नम्बर ०१-४००६५४१**

Email: - mwsdb@ntc.net.np. URL: www.melamchiwater.gov.np